# राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर


**Embargoed:** *Electronic Media until 12:00 PM, 9 December 2008*

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६०औं वर्षका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको सन्देश

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको अवसरमा आज हामी ६० औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइरहेका छौं । राष्ट्रिय मानवअधिकार आयोगले **मर्यादा, न्याय र शान्ति : मानवअधिकार हामी सबैका निम्ति** भन्ने सन्देशका साथ यो दिवस मनाईरहेको छ । यस दिवसका अवसरमा मानवअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्तति प्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ ।

- विस्तृत शान्ति सम्झौता, २०६३ र संविधानसभाको निर्वाचन २०६४ पछि देश सङ्क्रमणकलीन अवस्थाबाट गुज्रिरहेको छ । हामी देशमा नयाँ संविधान बनाउने क्रममा छौं । राष्ट्रिय मानवअधिकार आयोग अब बन्ने संविधान मानवअधिकारमैत्री हुनुपर्छ भन्ने कुरामा दृढ छ ।
- सशस्त्र द्वन्द्वको अवधिमा भएका मानवअधिकार उलङ्घन र ज्यादतिहरूको सम्बोधन गर्न संविधानमा उल्लेख गरिएका सत्य निरुपण आयोग, शान्ति तथा पुनर्निमाण आयोग, बेपत्ता आयोग लगायतका आयोगहरू गठन हुन सकेका छैनन् । साथै, मानवअधिकार हनन गर्ने उपर कानुनी कारवाही हुन सकेको छैन । अपराधीहरूलाई राजनीतिक संरक्षण दिने कार्य भईरहेकाले दण्डहीनता बढेको छ । त्यसको निरूपण हुनु पर्दछ ।
- द्वन्द्वकालमा बेपत्ता पारिएका ९७० जनाको स्थिति सार्वजनिक गर्न नेपाल सरकारले पर्याप्त ध्यान नदिएको कुरामा आयोग विशेष चासो प्रकट गर्दछ र तत्कालै उनीहरूको स्थिति सार्वजनिक गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन सरकार कटिबद्ध हुनुपर्छ । यस्तै द्वन्द्वबाट विस्थापित भएकालाई पुनःस्थापना गर्न र कब्जा गरिएका सम्पति फिर्ता गराउन सरकारले तत्कालै ठोस कदम चाल्नुपर्दछ ।
- महिला तथा बालबालिका माथि हुने हिंसा र शोषण बन्द गर्न, सञ्चारकर्मी र मानवअधिकारकर्मी माथि हएका हिंसाका घटनाका दोषीहरूलाई कानुनी कारबाही गर्न र आवश्यक जनचेतना जगाउन, आयोग नेपाल सरकार र सम्बद्ध सबैलाई अनुरोध गर्दछ ।
- नेपालमा कुनै पनि किसिमको जातीय वा लिङ्गीय वा अन्य प्रकारका भेदभावलाई व्यवहारिक रूपमै अन्त्य गरिनु पर्दछ । नेपालपक्ष भएका सबै किसिमका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू तथा राष्ट्रिय कानुनहरूलाई कार्यान्वयन हुने वातावरण बनाउनु पर्दछ ।
- राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरूलाई तत्कालै उचित प्राथमिकता दिई तिनको कार्यान्वयन गरिनु पर्दछ ।

अन्त्यमा, मानवअधिकार दिवसका अवसरमा नेपाल सरकारले गरेका मानवअधिकार सम्बन्धी प्रतिवद्धताहरूको पूर्ण पालना गरी मुलुकमा विद्यमान दण्डहीनताको संस्कारलाई अन्त्य गर्न राष्ट्रिय मानवअधिकार आयोग हार्दिक आग्रह गर्दछ ।


फोन नं. ५०१००१५, १६, १७, १८ फ्याक्स नं. ००९७७-१-५५४७९७३

पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org